# तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०८२

(तेस्रो संशोधनबाट भएको संशोधन समेत मिलाइएको)

**१. प्रस्तावनाः**

तमानखोला गाउँपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न विधाका खेलहरुको विकासगर्ने अभिप्रायले यो **तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४** कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ। यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "नियमावली" भन्नाले तमानखोला गाउँपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४ सम्झनुपर्दछ।

ख) "वडा अध्यक्ष" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

ग) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ।

घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ।

ङ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

च) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ।

छ) "खेलकुद" भन्नाले तमानखोला गाउँपालिकाभित्र प्रचलनमा रहेका शारीरिक, मानसिक विकास तथा गाउँपालिका र राष्ट्रका लागि खेलिने खेलहरुलाई सम्झनुपर्दछ।

**३. कोषबाट खर्च गर्ने व्यवस्थाः**

क) तमानखोला गाउँपालिकामा खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिकास्तरीय एक खेलकुद विकास समिति र प्रत्येक वडामा खेलकुद विकास उपसमिति गठन गरिनेछ।

ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँसभा सदस्य मध्ये संयोजक १, तोकिएको कर्मचारी सदस्य सचिव १, वडा समिति संयोजक सदस्य ६, विषयगत खेलका समिति सदस्य रहने गरी तमानखोला गाउँपालिकास्तरीय एक खेलकुद विकास समिति गठन गरिनेछ।

ग) तमानखोला गाउँपालिका भित्रका सबै वडाहरुमा एक वडास्तरीय खेलकुद विकास उपसमिति गठन गरिनेछ। सो वडास्तरीय खेलकुद विकास उपसमिति गठन गर्दा वडाभित्रका दर्ता भएका सम्पूर्ण युवा क्लबहरुलाई समेटेर गठन गरिनेछ।

घ) विभिन्न खेलकुदका कार्यक्रम गर्ने/गराउने र आवश्यकता अनुसार खेलकुद सामग्री उपलब्ध गराउने र सहयोग गर्ने गाउँपालिकामा सिफारिस गर्ने।

ङ) खेलकुद विकास उपसमिति, दर्ता भएका युवा क्लबसँग समन्वय गर्ने, मेला लगाउने कार्यतालिका बनाउने।

च) तमानखोला गाउँपालिका भित्रका कुनै पनि विधाका खेलाडी उपल्लो स्तरको खेलमा छनौट, भएमा रु. ५ हजारदेखि १० हजारसम्म प्रोत्साहन स्वरुप पुरस्कार सहयोग गरिनेछ।

छ) कुनै विधाका खेला वा मेलाका लागि गाउँपालिका अध्यक्षले रु. ५०,०००।- (अक्षेरपी पचास हजार मात्र) सम्म नगद तथा खेलकुद सामग्री आवश्यकता अनुसार सहयोग गर्नेछ।

ज) उल्लिखित बाहेक स्थानीय खेलकुद प्रवर्द्धनका लागि गाउँपालिकाबाट कुनै नगद वा जिन्सी सहयोग गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउनेः**

क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

तमानखोला गाउँपालिका